का.जि.प्र.का.द.नं. १००/०५९/६०
१७ मंसिर २०८२
बुधबार
3 December 2025
Wednesday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न



# बैंकमा घुस्यो सिआइबी

## तरंगित बैंकिङ क्षेत्र







अनुगमन, नियमन र सुपरिवेक्षणको मुख्य जिम्मेवारीमा रहेको नेपाल राष्ट्र बैंकको भूमिकालाई पन्छाएर सिआइबीले प्रभु बैंकमाथि अनुसन्धान अघि बढाएपछि बैंकिङ क्षेत्र नै तरंगित हुन पुगेको हो ।



"प्रभु बैंकमाथि सिआइबीले अनुसन्धान क्रममा नेपाल राष्ट्र बैंकको एक्सपर्ट माग गरे पनि राष्ट्र बैंकले निरीक्षण गर्दा देखिएको कसुरका आधार देखिँदैन ।

■ **गुरुप्रसाद पौडेल**
**प्रवक्ता, नेपाल राष्ट्र बैंक**



"बैंकिङ क्षेत्र संवेदनशील क्षेत्र हुँदाहुँदै पनि राष्ट्र बैंककै भूमिका देखिएन, एक्कासि बैंकमा प्रहरी पुगेर बैंकका उच्च तहका कर्मचारी समाउनु दुर्भाग्य हो ।

■ **नरबहादुर थापा**
**पूर्वकार्यकारी निर्देशक**
**नेपाल राष्ट्र बैंक**

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, १६ मंसिर

प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) अशोक शेरचनसहित बैंकका तीन जना उच्च अधिकारीलाई आइतबार केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले पक्राउ गर्‍यो ।

पक्राउ पर्नेमा शेरचन, बैंकका नायब प्रमुख कार्यकारी अधिकृत मणिराम पोखरेल र प्रमुख कर्जा अधिकृत रिवास श्रेष्ठ रहेका छन् । सिआइबीले सोमबार थप अनुसन्धानका लागि भन्दै पाटन उच्च अदालतबाट पाँच दिनका लागि म्याद थप पनि गरेको छ । तर सिआइबीले राष्ट्र बैंकले नियमित अनुगमन र सुपरिवेक्षण गरिरहेको, खर्बौं निक्षेप र कर्जा परिचालन गरिरहेका बैंकका अधिकारीलाई पक्राउ गरेर अनुसन्धान अघि बढाउँदा बैंकिङ क्षेत्रमा तरङ आएको छ ।

राष्ट्र बैंकले गत आर्थिक वर्षमा प्रभु बैंकमा नियमितबाहेक थप तीनपटकसम्म स्थलगत अनुगमन गरेको थियो । त्यसको अघिल्लो वर्ष पनि राष्ट्र बैंकले सो बैंकमा नियमितबाहेक थप दुईपटक विशेष अनुगमन गरेको थियो ।

चालु आर्थिक वर्षको पहिलो त्रैमासिक अवधिमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा सम्पूर्ण बैंकिङ क्षेत्रको नाफामा नकारात्मक प्रभाव परेको तथ्यांकले देखाएको छ । पहिलो त्रैमासिक अवधिसम्मको तथ्यांक हेर्दा प्रभु बैंकमा निक्षेप र कर्जा प्रवाहमा वृद्धि भएको छ भने नाफा घटेको छ । बैंकका अन्य तथ्यांकहरूले बैंक तुलनात्मक रूपमा धेरै खराब स्थितिमा पुगेको देखाउँदैन ।

सिआइबीले प्रभु म्यानेजमेन्ट कम्पनीको अध्यक्ष कुसुम लामासहितको उजुरीका आधारमा बैंकका सिइओसहितका अधिकारीलाई पक्राउ गरेर अनुसन्धान अघि बढायो । उजुरीकर्ता लामासहित बैंकका अधिकारीमाथि ठगी, आपराधिक विश्वासघात र नेपाल राष्ट्र बैंक ऐन, २०५८ अन्तर्गतको कसुर मुद्दाको अनुसन्धानको सिलसिलामा पक्राउ गरिएको सिआइबीको भनाइ छ ।

साथै, सिइओ शेरचनसहितका व्यक्तिले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा प्रचलित कानुनविपरीत कार्य गरी प्रभु बैंकलाई हानि नोक्सानी पुर्‍याएको र त्यही अपराध लुकाउन विभिन्न कम्पनीको नाममा करोडौं रकम कर्जा प्रवाह गरेर दुरुपयोग गरेको सिआइबीले विज्ञप्तिमार्फत जनाएको छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार अनुगमन, नियमन र सुपरिवेक्षणको मुख्य जिम्मेवारी रहेको नेपाल राष्ट्र बैंकको भूमिकालाई पन्छाएर सिआइबीले प्रभु बैंकमाथि अघि बढाएको अनुसन्धानले »» पृष्ठ २ मा

# उम्मेदवारको योग्यतामा कडाइ गर्दै कांग्रेस

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, १६ मंसिर

आगामी निर्वाचनका लागि नेपाली कांग्रेसले उम्मेदवार छनोटको मापदण्ड बनाएको छ । राष्ट्रिय सभा र प्रतिनिधि सभा निर्वाचन उम्मेदवारका लागि मापदण्ड बनाएर प्रदेश, जिल्ला र प्रतिनिधि सभा क्षेत्रीय कार्यसमितिमा परिपत्र गरेको हो ।

प्रतिनिधि सभा र राष्ट्रिय सभाका लागि उम्मेदवारको नाम सिफारिस गर्न मातहतलाई कांग्रेसले गरेको परिपत्रमा कुनै पनि प्रकृतिका सामाजिक विसंगतिमा दोषी ठहर भएका व्यक्तिलाई उम्मेदवार सिफारिस नगर्न भनिएको छ । सामाजिक विसंगतिमा दोषी ठहर भएका व्यक्तिलाई प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनका लागि उम्मेदवार नबनाउने कांग्रेसले मापदण्ड बनाएको प्रचार विभाग प्रमुख मीन विश्वकर्माले बताए ।

> जातीय विभेद, घरेलु हिंसा, बालश्रम वा अन्य कुनै पनि प्रकृतिका सामाजिक विसंगतिमा दोषी ठहर भएकाहरू उम्मेदवार बन्न नपाउने मापदण्ड नेपाली कांग्रेसको तय गरेको हो ।

मापदण्डअनुसार प्रत्येक क्षेत्रबाट तीन जना आकांक्षी उम्मेदवारको नाम मात्रै सिफारिस गर्न तल्लो तहलाई निर्देशन गरेको छ । जातीय विभेद, घरेलु हिंसा, बालश्रम वा अन्य कुनै पनि प्रकृतिका सामाजिक विसंगतिमा दोषी ठहर भएका उम्मेदवार बन्न नपाउने व्यवस्था गरेको छ । »» पृष्ठ २ मा

## यी हुन् मापदण्ड

जातीय विभेद, घरेलु हिंसा, बालश्रम वा अन्य कुनै पनि प्रकृतिका सामाजिक विसंगतिमा दोषी ठहर भएका व्यक्ति नेपाली कांग्रेसको उम्मेदवार बन्न अयोग्य हुनेछन् । २०७९ सालको निर्वाचनमा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य पदमा समानुपातिकतर्फबाट निर्वाचित भएको व्यक्तिको नाम पार्टी विधानको धारा ३३ (२) बमोजिम आगामी २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य समानुपातिकतर्फको उम्मेदवार हुन पाउने छैनन् ।

प्रदेश सभा सदस्य निर्वाचन २०७९ को समानुपातिकको बन्दसूचीमा समावेश भएका व्यक्तिहरूको नाम प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ का लागि उम्मेदवार सिफारिस गर्न पाइनेछैन । तोकिएको उम्मेदवारको संख्याभन्दा बढी नाम सिफारिस गर्न पाइनेछैन ।

प्रतिनिधि सभा प्रत्यक्ष, समानुपातिक र राष्ट्रिय सभा सदस्य पदमध्ये कुनै एक व्यक्ति एक पदका लागि मात्र सिफारिस गर्नुपर्नेछ । प्रतिनिधि सभा सदस्य पदको उम्मेवारको लागि नेपाली नागरिकताको प्रमाणपत्र र मतदाता परिचयपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ । प्रतिनिधि सभा समानुपातिकतर्फका सिफारिस भएका उम्मेदवारको »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# स्वास्थ्य परीक्षणको नयाँ शुल्कबारे संघ र महासंघबीच पत्रद्वन्द्व

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ मंसिर

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले स्वास्थ्य परीक्षण शुल्क हाललाई यथावत राखेर पुरानो शुल्कमा कामदारको स्वास्थ्य परीक्षण गर्न नेपाल स्वास्थ्य व्यवसायी महासंघ, गाम्का नेपाल र नेपाल मेडिकल व्यवसायी संघलाई अनुरोध गरेको छ ।

संघले महासंघलाई लेखेको पत्रमा स्वास्थ्य परीक्षणका शीर्षकहरू थप्दै ९ हजार ५ सय रुपैयाँ शुल्क तोकिएको निर्णय बिना छलफल एकतर्फी रूपमा गरिएको देखिएकाले त्यसप्रति संघको असहमति रहेको उल्लेख छ ।

संघका महासचिव महेश कुमार बस्नेतद्वारा हस्ताक्षरित महासंघलाई लेखिएको पत्रमा आफ्ना सदस्य




संस्थाहरूमार्फत कामदार वैदेशिक रोजगारीमा जाने भएकाले उनीहरूको हकहित, सम्मान र सुरक्षाका विषयमा संघ जिम्मेवार भएको पनि उल्लेख गरिएको छ ।

तर महासंघले संघको आग्रह स्वीकार गर्न नसकिने जबाफ फर्काएको छ । महासंघका महासचिव दाताराम काफ्लेले संघलाई पठाएको पत्रमा पछिल्लो समय वैदेशिक रोजगारमा जाने नेपाली श्रमिकको स्वास्थ्यमा देखिएका गम्भीर समस्याहरूको संवेदनशीलतालाई मध्यनजर गर्दै नेपाल सरकारले वैदेशिक रोजगारमा जाने कामदारको स्वास्थ्यजन्य जोखिम र दुर्घटना न्यूनीकरण गर्न स्वास्थ्य परीक्षणलाई थप व्यवस्थित, मर्यादित र गुणस्तरीय बनाउन ३४ प्रकारका परीक्षणहरु गर्नुपर्ने मापदण्ड ल्याएकाले »» पृष्ठ २ मा

## युरोपको मागपत्र तत्काल प्रमाणीकरण गर्न मञ्चको माग




**काठमाडौं/मस-** प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले युरोपेली मुलुकको मागपत्र तत्कालै प्रमाणीकरण सुरु गर्न नेपाल सरकारको ध्यानाकर्षण गराएको छ ।

विगत करिब ३ वर्षदेखि युरोपेली मुलुकहरूको मागपत्र प्रमाणीकरण नहुँदा नेपाली युवायुवतीको राम्रो तलब, सुविधा र मानव अधिकारको दृष्टिकोणले उपयुक्त रोजगारी गुमाएको भन्दै मञ्चले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, श्रम, रोजगार तथ सामाजिक सुरक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालय तथा विदेशस्थित नियोगहरूलगायत सरोकारवाला सम्पूर्ण »» पृष्ठ २ मा

# बलिया सारथी खोज्दै ओली–ईश्वर



प्रतिनिधिको अवस्था हेर्दा हाराहारी नै छ । उहाँहरू बढी हौसिनुभएको छ । यथार्थमा त्यस्तो होइन । साइलेन्स मत धेरै भएकाले हामी अगाडि आउँछौं ।

● **युवराज ज्ञवाली**
**उपाध्यक्ष**



मुलुकको पछिल्लो राजनीतिक परिस्थिति र पार्टीको स्थिति दुवैलाई सम्हालेर लानुपर्ने भएकाले पार्टी नेतृत्वमा ओलीको विकल्प खोज्न सकिँदैन । आमप्रतिनिधिले कुरा बुझेका छन् ।

● **महेश बस्नेत**
**पोलिटब्युरो सदस्य**

| ओली पक्ष | ईश्वर पक्ष | नखुलेका |
|---|---|---|
| उपाध्यक्षहरु विष्णु पौडेल, गुरु बराल, रामबहादुर थापा, महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली, पृथ्वी सुब्बा गुरुङ, विष्णु रिमाल, सचिवहरू, पद्मा अर्याल, लेखराज भट्ट, महेश बस्नेत, रामकुमारी झाँक्री, काशीनाथ अधिकारी, भानुभक्त ढकाल, लालबाबु पण्डित, राजेन्द्र गौतम | पूर्वराष्ट्रपति विद्या भण्डारी, उपाध्यक्षहरू सुरेन्द्र पाण्डे, अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली, सचिवहरू योगेश भट्टराई, गोकर्ण विष्ट, भीम आचार्य, गोकुल बास्कोटा, विन्दा पाण्डे, कर्ण थापा, उषाकिरण तिमल्सिना, विद्या भट्टराई | रघुवीर महासेठ, छविलाल विश्वकर्मा, रघुजी पन्त, कृष्णगोपाल श्रेष्ठ |




**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १६ मंसिर

११औं महाधिवेशनको चटारोले छोपेको नेकपा एमालेभित्र आफ्नो पक्षमा शक्ति बढाउन प्रतिनिधिसँगै नेताहरू तानातान भइरहेको छ । मंसिर २७-२९ मा हुने महाधिवेशबाट नयाँ नेतृत्व चयनका लागि अध्यक्ष केपी शर्मा ओली र वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल मैदानमा उत्रिइसकेका छन् ।

देशभरबाट महाधिवेशन प्रतिनिधि छनोट सकेसँगै दुवै पक्ष एकअर्को समूहका नेता रिझाउने र बलियो टिम बनाउने प्रयासमा लागेका हुन् । संस्थापनइतर ईश्वर प्यानल बनाउन पूर्वराष्ट्रपति विद्यादेवी »» पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com



# सांसदले भत्काए मापदण्डविपरीतको कल्भर्ट पर्खाल



**म्याग्दी/मस–** म्याग्दीको बेनी नगरपालिका-९ काउलेगौडामा मापदण्ड विपरीत बनाइएको कल्भर्ट पर्खाल भत्काइएको छ ।

मापदण्डभन्दा कम चौडाइ भएको कल्भर्टको पर्खाल मंगलबार अनुगमन टोलीले भत्काएको हो । पूर्वाधार विकास कार्यालय म्याग्दीमार्फत सञ्चालित गलेश्वर-पुलाश्रम-जगन्नाथ सडक योजनाको काउलेगौडास्थित खोल्सामा निर्माणाधीन कल्भर्टको पर्खालको चौडाइ ६० सेन्टिमिटर हुनुपर्नेमा ४९ सेन्टिमिटर बनाएको भेटिएपछि भत्काएको अनुगमन टोलीले जनाएको छ ।

गण्डकी प्रदेश सभा सदस्य हरिबहादुर भण्डारी, जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख डिलकुमारी खत्री, पूर्वाधार विकास कार्यालयका प्रमुख डा.महेन्द्र बानियाँसहितको टोलीले मापदण्डभन्दा कम चौडाइको पर्खाल भत्काएर नयाँ बनाउन निर्देशन दिएको हो ।

'मापदण्डभन्दा कम चौडाइको पर्खाल भत्काउन पूर्वाधार विकास कार्यालयका प्राविधिकले दिएको निर्देशन मजदुरले नमानेपछि म आफैं भत्काउन सुरु गर्नुपरेको थियो,' गण्डकी प्रदेशसभा सदस्य हरिबहादुर भण्डारीले भने, 'सडकको पर्खालमा गुणस्तरीय मसला (सिमेन्ट र बालुवाको अनुपात मिलाएर) प्रयोग गर्न र 'फिनिसिङ' राम्रो बनाउन निर्देशन दिएका छौं ।'

बेनी नगरपालिकामा रहेका तीन वटा धार्मिकस्थल गलेश्वर, पुलाश्रम (पछै) र जगन्नाथ जोड्ने गण्डकी प्रदेश सरकारले सञ्चालन गरेको उक्त योजना निर्माणका लागि बिबिपीएल बिएस डिएस धौलागिरिले गत असार महिनामा दुई करोड २३ लाख ४६ हजारमा ठेक्का सम्झौता गरेको थियो ।

हालसम्म ५० प्रतिशत भौतिक प्रगति भएको योजनामार्फत ३ सय मिटर ढलान र एक हजार ७ सय मिटर ग्राभेलसहित स्तरोन्नति गर्ने लक्ष्य रहेको पूर्वाधार विकास कार्यालय, म्याग्दीका प्रमुख डा.बानियाँले बताए ।

टोलीले बेनी-पाखापानी सडकअन्तर्गत बेनी नगरपालिका-९ को किराखोरदेखि नेप्टेचौर हुँदै तोरीपानी जोड्ने चार किलोमिटर सडक स्तरोन्नति योजनाको पनि अनुगमन गरेको छ । किराखोर-नेप्टेचौर खण्डमा भइरहेको प्रिमिक्स कालोपत्र गर्ने कामको अनुगमन गरेको टोलीले उक्त योजनामा सन्तोषजनक काम भएको जनाएको छ ।

आगामी असार महिनासम्म ठेक्काको म्याद रहेको उक्त योजनाको ६९ प्रतिशत भौतिक प्रगति भएको कार्यालय प्रमुख बानियाँले बताए । निर्धारित समयभित्रनै योजना निर्माण सम्पन्न गर्ने लक्ष्यसहित मजदुर र उपकरण परिचालन गरेको निर्माण कम्पनीका प्रतिनिधि सुवासचन्द्र कार्कीले बताए ।

# मुस्ताङमा बालबालिकामा निमोनियाको समस्या



**मुस्ताङ/मस–** हिउँदयामको अत्यधिक चिसो बढेसँगै मुस्ताङका बालबालिका रुघाखोकी, निमोनियालगायत समस्याबाट प्रभावित बनेका छन् । चिसोले यहाँका बालबालिका तथा ज्येष्ठ नागरिकको स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याएको पाइएको छ ।

प्रादेशिक अस्पताल जोमसोममा पछिल्लो समय चिसोका कारण रुघाखोकी, निमोनियालगायत समस्याका बिरामी भर्ना हुने क्रम बढेको अस्पतालले जनाएको छ । हिउँदयाममा चिसोबाट जोगिन विशेष सावधानीका उपाय अपनाउन नसक्दा सबैभन्दा बढी बालबालिका प्रभावित हुने गरेका अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा समीक्षा कँडेलले बताए । उनका अनुसार अस्पतालमा भर्ना भएर सेवा लिनेमध्ये ८० प्रतिशतभन्दा बढी बालबालिका छन् ।

अस्पतालबाट चालु आवको साउनमा ७ सय ४९, भदौमा ६ सय ९, असोजमा ५ सय ७० र कात्तिकमा ४ सय ८८ जनाले बहिरंग (ओपिडी) सेवा लिएका छन् । साउनमा १८, भदौमा ३७, असोजमा ३७ र कात्तिकमा ४८ जनाले अस्पताल भर्ना भई स्वास्थ्य सेवा लिएका डा.कँडेलले उल्लेख गरे । उनका अनुसार मंसिर १५ गतेसम्ममा २८ जना बिरामीले भर्ना भइ सेवा लिइसकेका छन् ।

पन्ध्र शय्याको प्रादेशिक अस्पतालमा चिसोका कारण बिरामीको संख्या दिनहुँ वृद्धि भइरहँदा प्रभावकारी उपचारमा समस्या हुनुका साथै शय्या अभाव भएको उनको भनाइ छ ।

बालबालिकामा रुघाखोकी लाग्ने, स्वाशप्रश्वासमा समस्या, स्वाँस्वाँ हुने, छाती घ्यारघ्यार हुने, ज्वरो आउनेलगायत समस्या देखिन थालेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.कँडेलले जानकारी दिए । अधिकांश रुघाखोकी, ज्वरो, निमोनियाको समस्या लिएर आउनेमध्ये ८० प्रतिशत जति १० वर्ष मुनिका बालबालिका रहेका उनले उल्लेख गरे ।

रुघाखोकी र निमोनियाका लक्षण देखिएमा तुरुन्तै अस्पताल वा नजिकैको स्वास्थ्य संस्थामा जचाउँनुपर्ने डा.कँडलले सुझाव दिए । चालु आवको साउनदेखि मंसिर दोस्रो सातासम्मको तथ्यांक अनुसार बिरामी भई अस्पताल भर्ना हुने बालबालिका करिब ७० प्रतिशतले वृद्धि भएको अस्पतालले जनाएको छ ।

चिसोबाट सुरक्षित रहन दाउरा वा कोइला बाल्दा, गिजर, हिटरलगायत उपकरण प्रयोग गर्दा हावा छिर्ने गरी 'भेन्टिलेसन' खुला गर्नुपर्ने डा.कँडेलले जनाए । साथै तातोपानी पिउने, झोलिलो र पोषणयुक्त खानपान गर्नेलगायत आवश्यक सावधानी अपनाउनुपर्नेमा डा.कँडेलले जोड दिए । यसैबीच, अत्यधिक चिसो बढेसँगै माथिल्लो मुस्ताङका शैक्षिक संस्था जाडो छल्न बेँसी झरिसकेका छन् । यहाँका बालबालिकालाई चिसोबाट जोगाउन सुरक्षित स्थान खोज्दै बेँसी झारिएको जनाइएको छ । यहाँका बारागुङ, घरपझोङ र थासाङ गाउँपालिकाका शैक्षिक संस्था भने सञ्चालनमा छन् ।

# एम्बुलेन्स र शववाहनको विवरण मन्त्रालयलाई उपलब्ध गराउनुपर्ने



**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले देशभरिका सम्पूर्ण एम्बुलेन्स र शववाहनको विवरण अनिवार्य उपलब्ध गराउन सूचना जारी गरेको छ । मंगलबार एक सूचना जारी गर्दै यही मंसिर २१ गतेभित्र अनिवार्य रूपमा मन्त्रालयको इमेल ठेगानामा विवरण उपलब्ध गराउन अनुरोध गरेको हो ।

आम नागरिकलाई प्रभावकारी, व्यवस्थित, मितव्ययी तथा सेवाग्राहीमैत्री एम्बुलेन्स र शववाहन सेवाका लागि एकीकृत प्रणालीलाई सुदृढीकरण गर्न आवश्यक रहकाले हाल नेपालमा सञ्चालनमा रहेका सम्पूर्ण एम्बुलेन्स तथा शववाहनहरुको विवरण सम्बन्धित सेवा प्रदायक संस्थाहरुले पठाउनुपर्ने मन्त्रालयले जनाएको हो ।

हाल एम्बुलेन्स सेवा निर्देशिका, २०८२ र शववाहन सेवा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७७ कार्यान्वयनमा छ ।

## बैंकमा...

बैंकिङ क्षेत्र नै तरंगित हुन पुगेको छ । साथै, बैंकिङ क्षेत्रको अभिभावकीय भूमिका निर्वाह गर्ने स्वायत्त निकाय नेपाल राष्ट्र बैंकको भूमिकामाथि पनि सो अनुसन्धानले प्रश्न उठाएको देखिन्छ ।

नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले प्रभु बैंकमाथि सिआइबीले अनुसन्धानको क्रममा नेपाल राष्ट्र बैंकको एक्सपर्ट माग गरे पनि राष्ट्र बैंकले निरीक्षण गर्दा देखिएको कसुरका आधारमा नभएको बताएका छन् ।

'राष्ट्र बैंकले निरीक्षण गर्दा बैंकिङ कसुर भएको देखेर उता पठाइएको केस होइन त्यो । प्रहरीमै परेका उजुरीलाई लिएर उसले आफ्नो कागजात र प्रमाण छानबिन गर्न खोज्यो,' उनले भने, 'त्यतिबेला राष्ट्र बैंकको टेक्निकल एसिस्टेन्ट खोजिएको थियो, हामीले दिएका थियौं । अनुसन्धानका सिलसिलामा राष्ट्र बैंकसँगै एक्सपर्ट मागेकाले उपलब्ध गराएको हो ।'

प्रवक्ता पौडेलको भनाइले सिआइबीले राष्ट्र बैंकजस्तो सम्बन्धित क्षेत्रको जिम्मेवारी भएको र विज्ञता भएको निकायलाई पन्छाएर अहिले अनुसन्धान गरिरहेको देखाउँछ । सिआइबी अनुसन्धान गर्नसक्ने निकाय भएकाले प्रश्न उठाउन नसकिने पनि राष्ट्र बैंकका अधिकारीको भनाइ छ ।

राष्ट्र बैंककै पूर्वनिर्देशक नरबहादुर थापाले सम्हालिँदै आएको बैंकमा अचानक प्रहरी प्रवेश भएको विषयले अन्य बैंकका सिइओ तथा कर्मचारीलाई पनि त्रसित बनाउने काम भएको प्रतिक्रिया दिएका छन् । मध्यान्हसँग कुरा गर्दै थापाले सिआइबीको प्रवेशले बैंकको संवेदनशीलतालाई ख्याल नगरिएको बताए ।

'विगतमा समस्या हुँदासमेत बैंकलाई राष्ट्र बैंकले सम्हालेको थियो, बैंकले पनि धेरै नै व्यवस्थापन गरेर सहज अवस्थामा पुऱ्याएको थियो,' उनले भने, 'तर बैंकमा प्रहरीको प्रवेशले बचतकर्तामा डरको अवस्था सिर्जना गराउन सक्छ, अन्य बैंकका सिइओ, कर्मचारीमा समेत त्रासको वातावरण बनाएको छ ।'

थापाले सिआइबीको पछिल्लो कदमले बैंकको उच्च तहदेखि कर्मचारीले आगामी दिनमा जोखिम लिएर काम गर्न नसक्ने अवस्था आउने टिप्पणी गरेका छन् । साथै, बैंकिङ क्षेत्रमा देखिएको समस्यामा राष्ट्र बैंकको भूमिकामाथि पनि प्रश्न उठेको उनको भनाइ छ ।

'बैंकिङ क्षेत्र संवेदनशील क्षेत्र हुँदाहुँदै पनि राष्ट्र बैंककै भूमिका देखिएन, एक्कासि बैंकमा प्रहरी पुगेर बैंकका उच्च तहका कर्मचारी समाउनु दुर्भाग्य हो,' उनले भने, 'अर्थतन्त्र समस्या भएको बेला अलिकति त जोखिम लिएर काम गर्नुपर्ने अवस्था छ । राष्ट्र बैंकले बैंकको अधिकारको क्षेत्रभित्र सिआइबी प्रवेश भएपछि बैंकहरू अभिभावकविहीनजस्ता भएका छन्, राष्ट्र बैंकको भूमिका देखिएन ।'

बैंकहरूलाई बचाउने, सुपरिवेक्षण र नियमन गर्ने भनेको राष्ट्र बैंककै जिम्मेवारी भएकोमा उनको जोड छ ।

## उम्मेदवारको ...

माघ ११ गते राष्ट्रिय सभा र फागुन २१ गते प्रतिनिधि सभा निर्वाचन हुँदै छ । सो निर्वाचनका लागि पार्टीले उम्मेदवारको मापदण्ड बनाएर जाँदा उम्मेदवार छनोटमा सजिलो पर्ने कांग्रेसले जनाएको छ । मुख्यसचिव कृष्णप्रसाद पौडेलले उम्मेदवारको मापदण्ड बनाएरै पार्टीले तल्लो तहको कार्यसमितिलाई परिपत्र गरेको बताए । जसमा पार्टीलाई लेबी नबुझाउनेलाई कुनै पनि तहको उम्मेदवार नबनाउनेसमेत व्यवस्था गरिएको छ । २०७९ को चुनावमा प्रतिनिधि सभा र प्रदेश सभातर्फ समानुपातिक सांसद बनेका तथा बन्दसूचीमा नाम रहेकाहरूलाई पनि कांग्रेसले यसपालि उम्मेदवार नबनाउने भएको छ । '२०७९ मा सम्पन्न स्थानीय तह निर्वाचनमा पार्टीका तर्फबाट निर्वाचित जनप्रतिनिधिलाई उम्मेदवार सिफारिस गर्न पाइनेछैन,' परिपत्रमा उल्लेख छ ।

## यी हुन् ...

हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, मतदाता परिचयपत्रको प्रतिलिपि, मतदाता नामावली नाम समावेश भएको निस्सा, उम्मेदवार हुन पार्टी केन्द्रबाट तोकिएको प्रतिबद्धतापत्र र निर्वाचन आयोगले तोकेको स्वघोषणापत्र, उम्मेदवारको वैयक्तिक विवरण र सो घोषणा गरिने सम्पत्ति विवरण फारममा हस्ताक्षर गरेको हुनुपर्नेछ ।

२०७९ मा सम्पन्न स्थानीय तह निर्वाचनमा पार्टीका तर्फबाट निर्वाचित जनप्रतिनिधिलाई उम्मेदवार सिफारिस गर्न पाइनेछैन । पार्टी विधानको धारा ६९ बमोजिम पार्टीका क्रियाशील सदस्य, विभिन्न तह र जिम्मेवारीमा रहेका पदाधिकारी र सदस्यहरूले तोकिएबमोजिमको सहयोग रकम (लेबी) तोकिएबमोजिमको पार्टी निकायमा अनिवार्य बुझाउनुपर्नेछ । सहयोग रकम (लेबी) नबुझाउने त्यस्ता कुनै पनि व्यक्ति कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

## स्वास्थ्य...

यसअघिको शुल्कमा स्वास्थ्य परीक्षण गर्न नसकिने जनाएको छ ।

महासंघले २०७८ सालमा नै स्वास्थ्य मन्त्रालयले १२ हजार ३ सय २५ रुपैयाँ शुल्क सिफारिस गरेको बताएको छ । हाल पनि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले स्वास्थ्य परीक्षणको प्याकेजमै ९ हजार ५ सय रुपैयाँ तोकेको बताउँदै महासंघले नयाँ मापदण्डमा तोकिएको स्वास्थ्य उपकरण थप गरिएका कारण यो शुल्क पनि अपुग रहेको उल्लेख गरेको छ ।

यस्तै मंसिर १५ गतेको मन्त्रालयले आयोजना गरेको संयुक्त बैठकमा नयाँ मापदण्ड लागू नगर्ने विषयमा कुनै पनि निर्णय नभएकोसमेत महासंघले पत्रमा उल्लेख गरेको छ ।

महासंघले आफ्नो संस्थालाई नेपाल सरकारले गरेको निर्णयलाई कार्यान्वयन नगर्न भन्दै गरिएको पत्राचार आफैंमा खेदजनक रहेको बताएको छ ।

संघ र महासंघ दुवैको संस्था दर्ता ऐन २०३४ बमोजिम दर्ता भएकाले सोहीबमोजिम दुवै संस्थाले आ-आफ्नो कार्य क्षेत्रभित्र रहेर नेपाल सरकारले लागू गरेको नयाँ स्वास्थ्य मापदण्डलाई कार्यान्वयन गर्न सहयोग गर्नुपर्ने महासंघले पत्रमा उल्लेख गरेको छ ।

## युरोपको...

निकायले अविलम्ब मागपत्र प्रमाणीकरण सहज बनाउनुपर्ने माग गरेको छ ।

मंगलबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा मञ्चका अध्यक्ष जनक रावलले फिल्ड भिजिटका लागि सामान्य बजेट नपठाउँदा नेपाल आउने लाखौंको राजस्व र रोजगारीको अवसर गुमेको बताए ।

मागपत्र प्रमाणीकरण नहुँदा उदीयमान गन्तव्यहरूमा नेपाली श्रमिक पठाउन कानुनी बाधा उत्पन्न भएको र गैरकानुनी रूपमा कामदार पठाउने कन्सल्टेन्सीलगायतले अनुचित लाभ उठाएर नेपाली युवायुवतीलाई आर्थिक रूपमा चर्को शोषण गर्दै असुरक्षित बनाएको अध्यक्ष रावलले बताए ।

उनले जेनजी आन्दोलनपछि गठन भएको वर्तमान सरकारले सबै क्षेत्रमा सुशासन भनेपनि व्यवसायीले वैदेशिक रोजगार क्षेत्रमा विगतको तुलनामा कुनै परिवर्तन भएको अनुभूति गर्न नसकेको बताए । उनले भने, 'कन्सल्टेन्सी र बिचौलियाले पठाएका ५० देखि ६० हजार नेपाली विभिन्न युरोपेली मुलुकमा बिचल्लीमा परेका छन् ।'

मञ्चका वरिष्ठ उपाध्यक्ष डिकबहादुर खत्री 'कुमार'ले वैदेशिक रोजगार ऐन २०६४ अनुसार गन्तव्य मुलुकको नेपाली कूटनीतिक नियोगबाट प्रमाणित मागपत्र र अख्तियारनामाको सक्कल प्रति अनिवार्य रूपमा नेपाली राजदूतावास तथा कूटनैतिक नियोगमा पेस गर्ने कानुनी व्यवस्था रहेको र युरोपेली मुलुकहरूमा रहेका नेपाली नियोगहरूले मागपत्र प्रमाणीकरण नगर्दा नेपाली कामदारका साथै व्यवसायी पीडित भएको बताए ।

मागपत्र अनिवार्य रूपमा नेपाली राजदूतावास तथा कूटनैतिक नियोगहरूले प्रमाणीकरण गर्नुपर्ने कानुनी व्यवस्था तत्कालीन अवस्थामा विशेषगरी खाडी मुलुक तथा मलेसिया जस्ता परम्परागत गन्तव्यहरूलाई सम्बोधन गरेर बनाइए पनि यसले उदीयमान गन्तव्य तथा सुरक्षित, मानव-अधिकार अनुकूल र उच्च सेवा-सुविधा भएका युरोपेली देशहरूमा श्रमिक पठाउने मार्ग अवरुद्ध गरिदिएको मञ्चले बताएको छ ।

मञ्चले पछिल्लो समय नेपाली श्रमिकका लागि आकर्षक बन्दै गएका उदीयमान गन्तव्यहरूमध्ये आर्थिक वर्ष २०८१/०८२ मा क्रोएसियामा १३ हजार ८ सय ३५, रोमानियामा २७ हजार ८ सय ७४, जर्मनीमा २ सय २८, अस्ट्रियामा १ हजार ३ सय ६, लिथुनियामा १ सय ३४, लातिभियामा ५५, पोल्यान्डमा ८ सय ५३, सर्बियामा ३ हजार २ सय ८५, स्लोभाकियामा १ हजार ३ सय २३, हंगेरीमा २ सय ८६, अल्बानियामा ५ सय ३८, बेलायतमा १ हजार २ सय ८९, स्पेनमा १ सय ३६, स्लोभेनिया २३, बेलारुसमा ५ सय ८५, बोस्नियामा ४ सय ८५ जना गएको र कतिपय नेपाली युएई, कतार, मलेसिया जस्ता तेस्रो मुलुक प्रयोग गरेर ती गन्तव्यहरूमा असुरक्षित रूपमा गएको बताएको छ ।

नेपालको संविधान र ऐन कानुन विपरीत गैरव्यवसायी, व्यक्तिगत तथा अवैधानिक समूहहरू सक्रिय भएर अवैधानिक असुली बढेको, भिजिट भिसाले प्रश्रय पाएको, ट्रान्जिट-रुट वा व्यक्ति-आधारित श्रम स्वीकृतिको नाममा श्रमिक शोषण, ठगी र अवैध आर्थिक गतिविधि बढेर वैदेशिक रोजगार विभागमा पीडितहरूको उजुरीको थुप्रो लागेको समेत मञ्चले बताएको छ ।

परराष्ट्र मन्त्रालयले २०८० फागुन ८ गते विदेशस्थित नेपाली नियोगहरूलाई वैदेशिक रोजगार ऐन, नियमावली र 'मागपत्र जाँचबुझ निर्देशिका २०७५' बमोजिम मागपत्र प्रमाणीकरण नियमित रूपमा गर्न निर्देशन दिइएको, तर कर्मचारी बिचौलियासँग मिल्दा उक्त निर्देशन उल्लंघन भएको भन्दै मञ्चले नेपाली नियोगहरूले उक्त निर्देशन पालन नगरेको विषय अत्यन्त गम्भीर अनुसन्धानको विषयसमेत बनेको बताएको छ ।

उपाध्यक्ष खत्रीले ६ करोडसम्म धरौटी राखेर इजाजतपत्र प्राप्त वैदेशिक रोजगार व्यवसायीहरूलाई रोक्दा राज्यले पाउने कर घटेको, श्रमिकले तिर्ने लागत अनियन्त्रित र महँगो बनेको, मानव तस्करी बढेर वैदेशिक रोजगार क्षेत्र अव्यवस्थित, जोखिमयुक्त र अनुगमनविहीन बन्दै गएको बताए ।

पत्रकार सम्मेलनमा संघ तथा मञ्चका पूर्वअध्यक्ष राजेन्द्र भण्डारीले नेपालले थोरै कामदार पठाएर धेरै रेमिट्यान्स भित्र्याउन युरोपेली मुलुकको रोजगारी संस्थागत गर्नुको विकल्प नरहेको बताए । उनले युरोपेली मुलुकमा रहेका नियोगहरूमा जिम्मेवारी पन्छाउने डरलाग्दो प्रवृत्ति रहेकाले मागपत्र प्रमाणीकरण नभएकाले सरकारले तत्कालै ध्यान दिनुपर्नेमा जोड दिए ।

संघका प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठ पनि काम र राम्रो तलब भएकाले सरकार सचेत भएर संस्थागत रूपमा पठाउने प्रबन्ध गर्नुपर्ने बताए ।

मञ्चका महासचिव मिलन कट्टेलले युरोपेली मुलुकको रोजगारीका नाममा चोकचोकमा खुलेआम ठगी भएको र वैदेशिक रोजगार विभागमा दर्ता भएका ठगीका उजुरीमा ९० प्रतिशत युरोपेली मुलुकमा व्यक्तिगत श्रम स्वीकृतिमा बिचौलियाले पठाएका पीडित रहेको बताए ।

पत्रकार सम्मेलनमा संघका तृतीय उपाध्यक्ष वैकुण्ठ पौडेल वैभव, संघकी कोषाध्यक्ष धनु सिंजाली, निवर्तमान द्वितीय उपाध्यक्ष सञ्जु गुरूङ, संघका निवर्तमान सचिव कर्णराज कटुवाल, निवर्तमान कोषाध्यक्ष सरिता घले, वरिष्ठ अधिवक्ता शम्भु निरौलालगायतको उपस्थिति रहेको थियो ।

## बलिया...

भण्डारीसमेत सक्रिय छिन् । यस समूहमा भण्डारीनिकट पोखरेल, कर्ण थापा, गोकुल बास्कोटा र एमालेभित्र १० बुँदे समूह भनेर चिनिने ओलीविरोधी खेमाका नेताहरू खुलेर लागेका छन् । त्यस्तै, ओलीलाई उनको पुरानो समूहसँगै पूर्वमाओवादी पृष्ठभूमिका नेताहरूको साथ छ ।

महाधिवेशन नजिकिँदै जाँदा अधिकांश पदाधिकारी ओलीको पक्षमा खुलेका छन् । उपाध्यक्षहरू विष्णु पौडेल, गुरु बराल, रामबहादुर थापा, महासचिव शंकर पोखरेल, उपमहासचिवत्रय प्रदीप ज्ञवाली, पृथ्वी सुब्बा गुरुङ र विष्णु रिमाल, सचिवहरू पद्मा अर्याल र लेखराज भट्ट, भानुभक्त आचार्य, महेश बस्नेत, रामकुमारी झाँक्री, सूर्य थापालगायत नेता लागेका छन् । उनीहरूको एकसूत्रीय अभियान ओलीलाई फेरि अध्यक्ष बनाउनेछ । धेरै आकांक्षी पक्षमा खुलेका कारण पद व्यवस्थापनको चुनौती ओली समूहलाई छ । विगत नवौं र १०औं महाधिवेशनबाट निर्वाचित भएर दुई कार्यकाल अध्यक्ष चलाएका ओली चारपटक प्रधानमन्त्री भइसकेका छन् । उनले आफू तेस्रोपटक अध्यक्ष बन्नकै लागि पार्टीको विधान संशोधन गरेर मुल नेतृत्वका लागि राखिएको दुई कार्यकाल र ७० वर्ष उमेरहदको व्यवस्थासमेत हटाइसकेका छन् । त्यसको लाभ पोखरेललगायत संस्थापनइतर नेताहरूले पनि उठाउँदै छन् । पोखरेल, युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य पनि ७० नाघेका नेता हुन् । सो व्यवस्था बहुमतले उल्टाएपछि फरक मत राख्ने नेताहरूले स्वीकारेको उनीहरूको भनाइ छ । 'जुन व्यवस्था नवौं महाधिवेशनमा ओलीकै प्रस्तावमा राखिएको थियो,' उपाध्यक्ष युवराज ज्ञवालीले भने, 'अहिले आफ्नै लागि उहाँले दुई कार्यकाल र ७० वर्ष उमेर हदको मापदण्ड हटाउनुभयो ।'

संस्थापनइतर समूहका नेता ज्ञवालीले अहिले अध्यक्षबाहेकको टिम बनिनसकेको बताउँछन् । 'हामीले अहिले अध्यक्ष मात्रै तय गरेका छौं । टिमका विषयमा छलफल भइरहेकाले केही दिनमा टुंगो लगाउँछौं,' उनले भने । महाधिवेशन प्रतिनिधिको अवस्था भने हाराहारी रहेको दाबी गर्दै ज्ञवालीले मध्यान्हसँग भने, 'हामीले हेर्दा प्रतिनिधि हाराहारीमै आएका छन् । उहाँहरू बढी हौसिनुभएको छ । यथार्थमा त्यस्तो होइन । साइलेन्स मत धेरै भएकाले हामी अगाडि आउँछौं ।'

कुनैबेला एउटै टिममा रहेर माधव नेपाल, वामदेव गौतम, झलनाथ खनालविरुद्ध महाधिवेशनमा भिडेका ओली र ईश्वरबीचको यो भिडन्त निकै रोचक हुने पक्का छ । यद्यपि ओलीसँग प्रतिस्पर्धा गर्नेहरू एमालेमा टिकेका छैनन् । एमाले र देशकै नेतृत्व गरिसकेका नेपाल, खनाल, भीम रावललगायत नेताहरू पूर्वमाओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को संयोजकत्वमा रहेको नेपाली कम्युनिस्ट पार्टीमा पुगेका छन् । यसपटक पनि त्यस्तै हुने चिन्ता आमकार्यकर्तामा देखिन्छ ।

ओलीनिकट नेता महेश बस्नेत भने जेनजी आन्दोलनपछिको मुलुकको राजनीतिक परिस्थिति र पार्टीको परिस्थिति दुवैलाई सम्हालेर लानुपर्ने भएकाले ओलीको विकल्प खोज्न नहुने बताउँछन् । एमालेबाट सबैभन्दा बढी सुविधा भोग गरेकाहरू नै बढी असन्तुष्ट देखिएको बताउँछन् । 'मुलुक र पार्टीप्रति चौतर्फी घेराबन्दी भइरहेका बेला यी सबैसँग जुध्ने ओलीले मात्रै सक्नुहुन्छ,' बस्नेतले मध्यान्हसँग भने, 'यस अवस्थामा एमाले एक ढिक्का भएर लाग्नुपर्ने हो । तर विभिन्न शक्तिले एमालेमा खेलिरहेको छ ।' पूर्वपार्टी महासचिव माधव नेपाललगायतका नेताहरूको बर्हिगमनबारे उनको बुझाइ छ- एमालेमा लागेर सबैभन्दा बढी पद प्रतिष्ठा र सुविधाभोग गरेका नेताहरू नै सबैभन्दा बढी असन्तुष्टि जनाउँदै नेतृत्वविरुद्ध लागेका छन् । विद्या भण्डारी, माधव नेपाल, झलनाथ खनाल, वामदेव गौतम, भीम रावल र ईश्वर पोखरेलले एमालेबाट सबैभन्दा बढी सुविधा लिएर अहिले पार्टीलाई तहसनहस बनाउन लागेको उनको आरोप छ ।

यसपटकको एमाले महाधिवेशन रोचक हुनुको मुख्य कारण ओली-विद्या दुई किनारामा पुग्नु हो । कुनैबेला ओलीको सबैभन्दा निकट नेता पूर्वराष्ट्रपति भण्डारीकै योजनामा अर्को प्यानल खडा गरिएको छ । भण्डारीलाई ओलीकै चाहनामा दुईपटक राष्ट्रपति बनाइएको थियो । ओली प्रधानमन्त्री हुँदा गरेका हरेक प्रस्ताव राष्ट्रपति भण्डारीले निसर्त स्वीकृत गर्ने गर्दा कतिपय निर्णयहरूमा उनी विवादित बनेकी थिइन् । २०७७ पुस ५ गते र २०७८ जेठ ७ गते ओलीले गरेको असंवैधानिक प्रतिनिधि सभा विघटनको प्रस्ताव तत्कालीन राष्ट्रपति भण्डारीले तत्कालै स्वीकृत गरेर विवादमा परेकी थिइन् । ओली र विद्याको यति गहिरो राजनीतिक सम्बन्धमा अहिले दरार आएको छ । पार्टी नेतृत्व नै ताकेकी भण्डारीको सदस्यतासमेत स्थगन गरेर ओलीले उनलाई महाधिवेशनमै वञ्चित गराएपछि उनी ओलीविरुद्ध आफ्नो सशक्त टिम बनाउने तयारीमा जुटेकी हुन् । उनको टिममा वर्तमान उपाध्यक्षहरू सुरेन्द्र पाण्डे, अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली, सचिवहरू योगेश भट्टराई, गोकर्ण विष्ट, गोकुल बास्कोटा, विन्दा पाण्डे, कर्ण थापा, उषाकिरण तिमल्सिनालगायत नेता लागेका छन् । नवौं महाधिवेशनमा यीमध्ये धेरै नेताहरूले ओलीलाई साथ दिएका थिए । यद्यपि ओलीले संसद् विघटनदेखि ईश्वर पोखरेल, विद्या भण्डारी, विन्दा पाण्डे, गोकुल बास्कोटाबाहेकका अधिकांश नेताहरूले ओलीविरुद्ध आन्दोलन गरेका थिए ।

यही मंसिर अन्तिम साता भक्तपुरको सल्लाघारीमा हुने ११औं महाधिवेशनको संघारमा रहेको एमालेमा नेतृत्वदेखि पुरै टिम बनाएर आमनेसामने हुने पक्का भएपछि कार्यकर्ता तहमा समेत स्पष्ट दुई समूह देखिएका छन् । सोमबार पोखरेल पक्षका नेताहरू बानेश्वरस्थित विद्या भण्डारीको सम्पर्क कार्यालयमा तयारी बैठक गरेर महाधिवेशनको माहोल आफ्नो पक्षमा पार्ने रणनीति बनाएका छन् । सो बैठकमा सहभागी एक नेताले भने, 'हामी निरन्तर छलफल र महाधिवेशनको तयारीमा छौं । ईश्वर कमरेडको नेतृत्वमा बन्ने टिमको खाकाका विषयमा व्यापक छलफल भइरहेको छ । तर अहिले नै सार्वजनिक गर्ने तहमा पुगेका छैनौं । ओली पक्षले कस्तो टिम बनाउँछ त्यहीअनुसार हामी अघि बढ्छौं ।' उनका अनुसार, ओली पक्षका कतिपय नेतासमेत ईश्वरको समूहमा आएर चुनाव लड्ने तयारी भइरहेको छ ।

केही नेताहरू भने अहिलेसम्म दुवै पक्षमा खुलेका छैनन् । नखुलेका नेता र प्रतिनिधि आफूतर्फ तान्न दुवै प्यानल सक्रिय छन् । नेताहरू छविलाल विश्वकर्मा, रघुवीर महासेठ, रघुजी पन्त, कृष्ण गोपाल श्रेष्ठलगायत कतै खुलेका छैनन् । कतै नखुले पनि अन्तिममा ओलीलाई नै साथ दिने दाबी गुण्डुको छ । संस्थापनको दाबीअनुसार केन्द्रीय कमिटीका ८० प्रतिशत सदस्य पनि ओलीकै पक्षमा छन् । तर ओलीको टिममा चाहेको पद नपाए पोखरेल समूहबाट चुनाव लड्ने योजनामा पनि कतिपय नेताहरू छन् । पोखरेल समूह त्यस्तो संख्या ठुलो हुने र त्यसैले महाधिवेशनको नतिजा बदल्ने आशामा छ । त्यसैका लागि नेताहरू नखुलेको अनुमान गरिएको छ । ओली भने टिम मजबुत बनाउन अधिकतम प्रयासमा छन् । उनी सकेसम्म सहमति गर्ने नभए सहज प्रतिस्पर्धाका लागि नरम बनेका छन् । यसलाई अर्को खेमाका नेता कार्यकर्ताको मन बदल्ने रणनीतिका रूपमा पनि लिइएको छ । तथापि दुवै पक्षले टिम आन्तरिक रूपमा टुंग्याएका छन् । अन्तिम चरणमा फेरबदल पनि हुन सक्छ । उपमहासचिव पृथ्वी सुब्बा गुरुङ भन्छन्, 'टिम मोटामोटी तयारी भए पनि अन्तिम रूप दिने विषयमा छलफल चलिरहेकाले अझै केही दिन लाग्छ । देशभरका प्रतिनिधिको चाहनाअनुसार हामी अघि बढ्छौं ।'

# वाइडबडी प्रकरणमा अख्तियारद्वारा सर्वोच्चमा पुनरावेदन




**काठमाडौं/मस–** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वाइडबडी विमान खरिद प्रकरणमा विशेष अदालतको फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ। उक्त मुद्दामा केहीलाई मात्र दोषी ठहर गरेको र धेरैलाई सफाइ दिएको भन्दै विशेष अदालतको फैसलाविरुद्ध मंगलबार आयोगले सर्वोच्चमा पुनरावेदनको निवेदन दिएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जानकारी दिए ।

उक्त मुद्दामा तत्कालीन पर्यटनमन्त्री जीवनकुमार शाहीसहित नेपाल वायुसेवा निगम सञ्चालक समितिका पदाधिकारी र १४ जना कर्मचारीलाई सफाइ दिइएको थियो । विशेष अदालतले आरोपी ११ जनालाई भने दोषी ठहर गरेको थियो ।

उक्त फैसला त्रुटीपूर्ण रहेको जनाउँदै अख्तियारले त्यसलाई बदर गरी सबैलाई सजाय हुनुपर्ने मागसहित मंगलबार पुनरावेदनपत्र दर्ता गरेको प्रवक्ता पौडेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

२०८० चैत २२ गते अख्तियारले आरोपपत्र दायर गरेको थियो भने गत मंसिर २० गते विशेष अदालतले फैसला सुनाएको थियो ।

विमान खरिद प्रकरणमा पूर्वमन्त्री शाही, पूर्वसचिव शंकरप्रसाद अधिकारी र शिशिरकुमार ढुंगानासहित २४ जना नेपाली तथा छ विदेशी र विमान आपूर्तिकर्ता दुई विदेशी कम्पनीविरुद्ध मुद्दा चलाइएको थियो । मुद्दामा एक अर्ब ४७ करोड १० लाख ८५ हजार मागदाबीसहित मुद्दा दायर भएको थियो ।

# सर्वोच्चको मधेश प्रदेश सरकारसम्बन्धी फैसला संविधानविपरीत : ओली



**काठमाडौं/मस–** नेकपा एमालेका अध्यक्ष एवं निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश प्रदेश सरकारसम्बन्धी सर्वोच्च अदालतको फैसलाप्रति असन्तुष्टि व्यक्त गरेका छन् ।

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले २४ घण्टाभित्र विश्वासको मत लिनुपर्ने सर्वोच्च अदालतको आदेश संविधान विपरीत ढंगले आएको जिकिर गर्दै ओलीले आपत्ति जनाएका हुन् । मंगलबार पार्टीको वन तथा वातावरण विभागले पार्टी मुख्यालय च्यासलमा आयोजना गरेको एक कार्यक्रममा बोल्दै उनले सो फैसला संविधान र कानुन हेरेर नभई व्यक्ति/समूहको अनुहार हेरेर आएकाले आफू आश्चर्यचकित भएको टिप्पणी गरे ।

उनले अदालतले परिस्थिति, मान्छे हेरेर नभई संविधान, कानुन र न्याय हेरेर फैसला गर्नुपर्ने समेत स्पष्ट पारे। अध्यक्ष ओलीले अदालतले आफ्नो र संविधानको मर्यादा कायम गर्न वाञ्छनीय हुने पनि बताए ।

संविधानले ३० दिनभित्र विश्वासको मत लिने पाउने व्यवस्था स्पष्ट गरेपनि सर्वोच्च अदालतले त्यसविपरीत एक महिना नपुग्दै २४ घण्टाभित्र विश्वासको मत लिन मधेश प्रदेशको मुख्यमन्त्रीलाई दिएको परमादेश कुनै हिसावले पनि सही नभएको ओलीको भनाइ थियो ।

त्यस अवसरमा अध्यक्ष ओलीले सत्य बोल्नेहरुलाई एमालेको झोले भन्ने गरेको भन्दै आक्रोश समेत व्यक्त गरे ।

# सम्पादक समाजद्वारा ‘ऊ बेलाका हाम्रा कुरा’ कार्यक्रम



**काठमाडौं/मस–** पत्रकारिता क्षेत्रमा दशकौं वर्ष बिताइसकेका अग्रज पत्रकारहरूले पंचायती व्यवस्थादेखि अहिलेसम्मको अवस्थामा पत्रकारिताको क्षेत्रमा भएका अनेकौं उतार चढाको अनुभव आदान-प्रदान गरेका छन् ।

सम्पादक समाज नेपालद्वारा गत शनिबार अर्थात् मंसिर १३ गते आयोजना गरिएको ‘ऊ बेलाका हाम्रा कुरा’ कार्यक्रममा पत्रकारितामा अग्रज पुस्ताका पत्रकारहरूले त्यस समयमा पत्रकारिता गर्दा अनुभूति गरेका र भोगेका अनैकौं समस्याहरुका विषयमा खुलेर बहस गरेका थिए। गोबिन्द बियोगी पत्रकारिता अध्ययन केन्द्र, सुइरेचौर नुवाकोटमा भएको उक्त कार्यक्रममा करिब एक सय जना पत्रकारहरूको उपस्थिति रहेको थियो ।

पत्रकारितामा बहस विशेष बन्न नसकेको अग्रज पत्रकारहरूले पत्रकारिता गर्दाको त्यो संकटपूर्ण अवस्था र हालको अवस्थाबीचको भिन्नतामा अनुभव साट्ने उद्देश्यसहित सम्पादक समाजले उहिलेका कुरामा राजनीतिक, सामाजिक तथा आर्थिक र सूचना प्रविधिको विषयमा अलग-अलग बहस गराइएको थियो ।

उबेलाको राजनीतिक अनुभव आदान-प्रदान सेसनमा अग्रज पत्रकारहरू प्रा.पुरुषोत्तम दाहाल, तिर्थ कोइराला, देवप्रकाश त्रिपाठी, टंक पन्त, कुलचन्द्र वाग्ले, प्रा.डा.शान्तिकृष्ण अधिकारी, सुदर्शन आचार्य, युवराज गौतम, पुष्पराज प्रधान, पुरु रिसाल, हरिविनोद अधिकारीलगायतले आफ्ना धारण राखेका थिए भने सेसनलाई भिम थापा र अस्मिता श्रेष्ठले सहजीकरण गरेका थिए ।

त्यसैगरी पत्रकारिताले त्यो बेला सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको असरका विषयमा चन्द्रमणी गौतम, विजय पौडेल, जुनारबाबु बस्नेत, डा.विकास सत्याल, राजु सिलवाल, यम तिवारी, पुस्कर भुर्तेल, बेनिबहादुर कार्की लगायतले आ-आफ्ना अनुभव राखेका थिए । उक्त सेसनलाई दिनेश रेग्मी तथा कल्पना भट्टराईले सहजीकरण गरेका थिए ।

तत्कालीन अवस्थामा सञ्चार क्षेत्रमा सूचना प्रविधिको अवस्था कस्तो थियो ? सूचना प्राप्त गर्न र संम्प्रेषन गर्न कति कठिनाई र बाधा व्यवधान भोग्नुपर्ने अवस्था थियो भन्नेबारेमा राष्ट्रिय सूचना आयोगका अध्यक्ष सुरेश आचार्य, तारा बराल, नारायण उपाध्याय, विश्व बलामी, विटु के.सी., राजु सिलवाल, गोकर्ण अर्याल, खगेन्द्र खत्री, सुशिल कोइराला, रामकृष्ण पौडेल, तुला अधिकारीलगायतले आ-आफ्ना अनुभव बाँडेका थिए। सम्पादक समाजका अध्यक्ष पुरु रिसालको सभापतित्वमा भएको कार्यक्रमको संयोजन समाजका महासचिव श्याम डोटेलले गरेका थिए ।

‘ऊ बेलाका हाम्रा कुरा’ कार्यक्रममा सम्पादक समाजका संरक्षक, अग्रज पत्रकारहरु इश्वरी वाग्ले, किरण वैद्य, नेपाल भुषण न्यौपाने, मदन कुमार श्रेष्ठ, नवराज चालिसे, माधव पौडेल, माधव दुलाललगायतको उपस्थिति रहेको थियो ।

सो अवसरमा मध्यान्ह राष्ट्रिय दैनिकका तर्फबाट गोविन्द वियोगी पत्रकारिता अध्ययन केन्द्रका लागि प्रकाशक सीतादेवी श्रेष्ठ र प्रधान सम्पादक मदनकुमार श्रेष्ठद्वारा संयुक्तरूपमा समाजका अध्यक्ष पुरु रिलाललाई केही थान घडी र पत्रिका समर्पण गरिएको थियो ।

‘ऊ बेलाका हाम्रा कुरा’ का बहसलाई विभिन्न संचार माध्यमले फेसबुक पेजमार्फत प्रसारण गरेका थिए । तीनवटै विषयमा भएका छलफलका निचोडलाई समाजद्वारा प्रकाशन गरिने ‘सञ्चारदूत’मा प्रकाशन गरिने समाजका महासचिव डोटेलले जानकारी दिए ।


## साउदी कतार र ओमनमा रोजगार

कम्पनी: ILIQNT ESTABLISHMENT — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०८/१५ चलानी नं.: ६०२४८२०६ LT. No.: 334535

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 1 | 0 | स. काममा दक्ष | 1400 | ५३,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: MENHA SERVIS AL-HADITHA LTD. — शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८२/०८/१६ चलानी नं.: ६०२४८३२० LT. No.: 334671

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeper | 10 | 0 | स. काममा दक्ष | 1000 | ३८,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: MENHA SERVIS AL-HADITHA LTD. — शहर: SAUDI ARABIA
पूर्व स्वीकृत मितिः २०८२/०८/१६ चलानी नं.: ६०२४८३२१ LT. No.: 334670

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeper | 8 | 0 | स. काममा दक्ष | 1000 | ३८,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: MARZOUQ MUTLAQ SAFAR AL-OTAIBI CONTRACTING ESTABLISHMENT — शहर: RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०८/१६ चलानी नं.: ६०२४८३१६ LT. No.: 334692

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Trailer Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ६८,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: MISS VICTORIA SALON — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८२/०८/१६ चलानी नं.: ६०२४८३१८ LT. No.: 334687

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician (F) | 0 | 6 | स. काममा दक्ष | 1700 | ६६,७०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

कम्पनी: ALMADINA ALFADHILA LLC — शहर: OMAN
पूर्व स्वीकृत मितिः २०८२/०८/१६ चलानी नं.: ६०२४८३१५ LT. No.: 334685

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Beautician | 0 | 4 | स. काममा दक्ष | 170 | ६३,१३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ मंसिर २४ गते (10 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | साउदीमा रु. १०,००० कतार र ओमनमा नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SKY OF THE WORLD MANPOWER PVT. LTD.** श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01- 4591316, Chitwan Branch Contact No. 9855063454 / 9806595102,
For Qatar and Oman Contact No. : 9860924657, 9860049528, For Saudi Contact No. 9851068774, 9851035867,
984-8888988, 9807014136, E-mail : skymanpower1039@gmail.com, info@skymanpower.com.np, Web.www.skymanpower.com

## मलेसियामा रोजगार

कम्पनी : FIREWALL SECURITY PROTECTION SDN BHD — शहर: MALAYSIA
पूर्व स्वीकृत मितिः २०८२/०८/१६ चलानी नं.: ६०२४८३१० LT. No.: 334604

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 50 | 0 | स. काममा दक्ष | 1700 | ५८,८३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ मंसिर २४ गते (10 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SIGNAL INTERNATIONAL PVT. LTD.** Govt. Lic. No. 758/064/065
P.O. Box. No: 25017, Kupondole, Lalitpur, Nepal, Tel.: 015905887, 9808284091, 9813033343, 9803594612
Fax: +977-1-5549999, Website: www.signalintel.com.np E-mail: signalintl21@gmail.com, dilipbhndr@gmail.com


# गाडीसहित बेपत्ता एक जनाको शव फेला

**उदयपुर/मस–** तीन दिनदेखि सुमो गाडीसहित बेपत्ता ललितपुरको महालक्ष्मी नगरपालिका-८ लुभुका अन्दाजी ४० वर्षीय दीपेन्द्र केसीको शव उदयपुरको कटारी-१४ पाखेमारा भीरमा भेटिएको छ ।

इलाका प्रहरी कार्यालय कटारीकाअनुसार सोमबार साँझ सडकबाट तीन सय मिटर तल सुमो क्षतिग्रस्त रुपमा भेटिएको थियो । क्षतिग्रस्त सुमोसँगै केसीको शव भेटिएको हो । प्रहरीले मध्यराति नै भिरबाट शव निकालेर शव परीक्षणका लागि कटारी अस्पताल ल्याएको छ । ना १ ज ५८१२ नं को सुमो लिएर १३ मंसिरमा केसी उदयपुरको ताप्ली गाउँपालिका रुपाटार जान्छु भनी हिँडेका थिए ।

रुपाटारमा विवाहका लागि जन्ती जान रिजर्भ भएकाले केसी एक्लै सुमो लिएर निस्किएका थिए । शनिबार राति सिन्धुलीको खुर्कोट प्रहरी बिटमा ‘इन्ट्री’ गरेर आएका केसी रातिदेखि सम्पर्कविहिन भएका थिए । कटारी-१४ घुर्मी नजिकसम्म आइपुगेको जानकारी गराएपछि उनी बेपत्ता भएको सिन्धुलीको दूधौलीमा रहेकी श्रीमती सुशीला कार्कीले बताइन् ।

फोन लाग्ने तर नउठ्ने भएपछि स्थानीय, प्रहरी लगायतले कटारी-१४ आसपासमा खोजी गरेका थिए । खोजीका क्रममा सिद्धिचरण राजमार्गको कटारी-घुर्मी सडकखण्डको पाखेभीरमा शव फेला पारेका हुन् । केसी रातिको १२ बजेतिर दुर्घटनामा परेको हुनसक्ने अनुमान प्रहरीको छ । पाखेभीर आसपास गाउँ नभएको र अनकन्टार भीर भएकाले घटनाबारे कसैले पनि थाहा पाउन सकेका थिएनन् ।


## काठदाउरा लिलामबिक्री सम्बन्धि सूचना

**(प्रथम पटक प्रकाशितमिति २०८२/०८/१७गते)**

यस सामुदायिक वन उपभोक्ता समूहको स्विकृत वन कार्ययोजना अनुसार आ.व. ०८१/०८२ मा सामुदायिक वन क्षेत्र भित्र रहेका ढलापडा तथा पुनरुत्पादन कटान क्षेत्रमा कटान सहमति भएका रूखहरू कटान गरि उत्पादन भई घाटगद्धीमा राखिएका साल जातको गोलिया मध्ये वन पैदावार आपूर्ति समिति, अर्घाखाँचीलाई छुट्टाई बाँकी घाटगद्दीमा रहेका साल जातको गोलिया थान २७६७ को २०८४९.६४ क्यू.फि. र कुकाठ जातको गोलिया थान ३१५को २४७४.२० क्यू.फि.गोलिया काठ साथै साल जातको दाउरा ५४ चट्टा र अन्य जातको दाउरा १७ चट्टालाई (काठ दाउराको कायम गरिएको लट संख्या ७ वटा) हाल जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाबाट लिलाम बिक्रि गर्नु पर्ने भएकोले वन पैदावारको कारोबार गर्न ईच्छुक तथा योग्य संघ संस्था उद्योग वाफर्मले सूचना प्रकाशित भएको मितिदेखि २१ दिन भित्र कार्यालय समय भित्र बोलपत्र खरीद गरि २२ औं दिन दिउसको ३:०० बजे भित्र दाखिला गर्न हुन र विस्तृत जानकारीको लागि यस समूहको कार्यालय तथा जिल्ला स्थित अन्य कार्यालयमा टाँस भएको सूचना हेर्नु हुन अनुरोध छ ।

**शंकरपुर सामुदायिक वन उपभोक्ता समूह**
**शितगंगा न.पा. वडा नं. ११, अर्घाखाँची**



## Barekot Rural Municipality
## Office of Rural Municipal Executive
**Limsa, Jajarkot**
**Karnali Province, Nepal**

**Invitation For Bids**

**First date of publication: 3rd Dec, 2025(2082/08/17)**

1. Barekot Rural Municipality invites electronic bids from all eligible bidders for the following projects under the NCB procedure of Single-Stage Single-Envelope and Single-Stage Double-Envelope methods, as mentioned in the table below.

| Contract ID | Name of project | Estimated amount (including VAT and PS) | Bid Security fee/ validity | Bid validity period | Bid document fee |
|---|---|---|---|---|---|
| BRM/WORKS/ NCB/082-083/004 | Ghata-Baluwa-Gothgaun-Jiri Road Upgrading Works | NPR. 10757532.03 | NPR. 2,32,000/ 120 days | 90 days | NPR.3000 |
| BRM/WORKS/ NCB/082-083/005 | Limsa-Ramidanda-Sirpachaur Road Upgrading Works | NPR. 10514879.48 | NPR. 2,30,000/ 120 days | 90 days | NPR.3000 |

Last Date and Time for Bid Submission: 4th Jan, 2026(2082/09/20),12 pm
Pre-Bid Meeting Date, Time and Location: 23rd Dec 2025(2082/09/08), 12pm, at office
Bid Opening Date, Time and Location: 4th Jan, 2026(2082/09/20),2pm, at office

| Account Details for Bid Document fee | Account Details For Bid Security Deposit |
|---|---|
| Bank: Agricultural Development Bank, Limsa, Jajarkot<br>Name of Office : Barekot Rural Municipality<br>Office Code no : 80666503300<br>Office Account Name: BAREKOT RURAL MUNICIPALITY GA 1.1<br>Office Account no: 0726401548097091<br>Rajaswo Sirsak no: 14229 | Bank: Agricultural Development Bank, Limsa, Jajarkot<br>Name of Office : Barekot Rural Municipality<br>Office Code no. : 80666503300<br>OfficeAccountName: BAREKOT RURAL MUNICIPALITY<br>Office Account no.: 0726401548097030 |

2.Eligible bidder may obtain further information from the office of Barekot Rural Municipality during office hours or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

3.Matters not covered above shall be as per the latest amendment of Public Procurement Act and its Regulation.

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com

१७ मंसिर २०८२ बुधबार
3 December 2025 Wednesday

सम्पादकीय

## नयाँ नीतिको खाँचो

'अवरोधहरू पार गरौं, एड्स प्रतिकार्य रूपान्तरण गरौं' भन्ने नाराका साथ ३८औं विश्व एड्स दिवस मनाउँदा नेपालका दुई सन्देश सकारात्मक छन् । पहिलो, एचआइभी संक्रमितको संख्या निरन्तर घटिरहेको छ । अर्को, संक्रमितको आयु बढिरहेको छ । एचआइभी/एड्स संक्रमितको यो तथ्यांकले नेपालको सार्वजनिक स्वास्थ्य क्षेत्रमा भएको सुधारको संकेत देखाएको छ । कुनैबेला भयावह दरले फैलिएको यो संक्रमण पछिल्ला तीन आर्थिक वर्षमा निरन्तरण घट्नु महत्वपूर्ण उपलब्धि हो । रोग प्रतिरोधात्मक औषधि (एआरटी)को पहुँच विस्तार, व्यापक जनसचेतना, जोखिम समूहलक्षित सेवा र सरकारी पहलले संक्रमणदरमा आएको घटेको हो । एचआइभी संक्रमितले साधारण मानिसझैं जीवन बाँच्न सम्भव हुँदै गएको छ, जुन सुखद् छ । तर यत्तिमै सन्तुष्ट हुने अवस्था भने छैन । अहिले पनि नेपालमा ३४ हजारभन्दा बढी एचआइभी संक्रमित रहेका छन् । तीमध्ये बर्सेनि झन्डै ५ सयको मृत्यु भइरहेको छ । दैनिक मृत्यु अनुपात पनि उल्लेख्य छ । तैपनि संक्रमितको संख्या घट्नु र आयु बढ्नु आफैंमा सकारात्मक छ ।

एचआइभी पहिलेजस्तो उपचारै नहुने प्राणघातक रोग रहेन । अहिले देशभर ९६ वटा एआरटी केन्द्रमार्फत संक्रमितले सेवा लिइरहेका छन् । त्यसले संक्रमितको आयु बढाउन मद्दत पुऱ्याइरहेका छन् । तर दुर्गम तथा जोखिम समूह बसोबास गर्ने क्षेत्रका एआरटीलगायत औषधि नियमित उपलब्ध हुनुपर्छ । एचआइभी संक्रमितको उपचार पहुँच र निरन्तरतामा सुधार गर्नुपर्ने देखिन्छ । अर्को, एचआइभी संक्रमितप्रति अहिले पनि भेदभाव कायमै छ । संक्रमित केही वर्ष मात्र बाँच्छन् भन्ने भ्रमले पनि उनीहरूलाई हेर्ने सामाजिक दृष्टिकोण भिन्न छ । आयु लामो नभएको भन्दै परिवारभित्रबाटै परीक्षण टार्ने, उपचार छोड्ने, वा संक्रमित लुकाउने प्रवृत्ति व्यापक छ । जबकि चिकित्सकहरूले समेत एआरटी सेवन गर्ने संक्रमित सामान्य जीवन बाँच्न सक्ने बताइरहेका छन् । संक्रमितले पनि स्वस्थ बच्चालाई जन्म दिन सक्ने स्वास्थ्य प्रविधि विकास भइसकेको छ । गर्भवती महिलाको परीक्षण र शिशुमा संक्रमण रोकथाम कार्यक्रमलाई अझै सशक्त बनाउनुपर्छ । एचआइभी संक्रमितका लागि सहज र निःशुल्क स्वास्थ्य परीक्षण तथा संक्रमण रोकथाम सेवा गाउँसम्मै बिस्तार गर्नुपर्छ । यो सन्देश अझ प्रभावकारी रूपमा समुदायसम्म पुऱ्याउनु आवश्यक छ ।

नेपालमा संक्रमितमध्ये अधिकांश लागूऔषध प्रयोगकर्ता, यौनकर्मी तथा उनका ग्राहक, समलिंगी पुरुष, ट्रान्सजेन्डर, विदेश जाने पुरुष र उनीहरूका पत्नीहरू छन् । कारागारमा समेत ५० संक्रमित छन्, जो नियमित एआरटी सेवा लिइरहेका छन् । यस स्थितिमा सबैभन्दा पहिले संक्रमितको पहिचान दर बढाउनुपर्नेछ । अहिले पनि २३ प्रतिशत संक्रमित पहिचानबाहिर रहेको तथ्य आफैंमा चुनौतीपूर्ण छ । मोबाइल क्लिनिक, समुदाय–केन्द्रित परीक्षण सेवा, जोखिम समूहमा गोपनीय परीक्षण कार्यक्रमलाई अझ मजबुत बनाउनुपर्छ । संक्रमण दर घट्दै गएको अवस्थामा अब स्वास्थ्य नीतिसहित नयाँ प्राथमिकता निर्धारण गर्नुपर्ने आवश्यकता छ ।

# चुनाव मात्रै समाधान होइन

*राजनीतिक परिवर्तनको मूल्यांकन देशले कति संविधान बदल्यो वा कति सरकार आए-गए भन्ने आधारमा हुँदैन । मूल्यांकनको मापदण्ड हुन्छ- जनताको जीवनस्तर कति फेरियो ? रोजगार कति सिर्जना भयो ? आर्थिक गतिविधि कति विस्तार भयो ?*

अग्रलेख



● जनकराज पाठक

देशको राजनीतिक धरातल पछिल्ला वर्षहरूमा तीव्र रूपमा हल्लिएको छ । पुराना दल र तिनको सोचाइप्रति बढ्दै गएको असन्तुष्टि, युवाहरूको राजनीतिको प्रति बदलिएको दृष्टि र परिवर्तनको आकांक्षाले देशमा नयाँ बहसको ढोका खोलिदिएको छ । विशेषगरी जेनजी पुस्ताद्वारा सुरु भएको आन्दोलन केवल क्षणिक रोषको नतिजा होइन, बरु दशकौंदेखि सडेर बसेको राजनीतिक संस्कृतिप्रतिको सामूहिक विद्रोह हो । यो विद्रोहको कथामा भावना मात्र छैन, तथ्य, तर्क र भोगाइको गहिरो पीडा छ-भ्रष्टाचार, रोजगारको अभाव र असमानता ।

युवाले पुरानो राजनीतिक वृत्तलाई प्रतिस्थापन गर्न चाहेका होइनन्, उनीहरूको लक्ष्य राजनीतिलाई नयाँ अर्थ, अनुशासन र उत्तरदायित्व दिई पुनर्जीवित गर्नु हो । उनीहरूले परिवर्तन केवल नीतिगत रूपमा होइन, नैतिकताका आधारमा पनि हुनुपर्छ भन्ने ठानेका छन् । तर पुरानो राजनीतिक वर्गलाई यो नयाँ चेत र ऊर्जा असहज लाग्नु स्वाभाविकै हो । यही कारणले जेनजी आन्दोलनप्रति शंका, दमन र अवरोध सिर्जना गर्ने प्रयत्न देखिन थालेका छन् । युवाहरूले राजनीतिक दलका नेतृत्वलाई प्रतिस्पर्धी होइन, बाधकका रूपमा देख्न थालेका छन् र यो बुझाइ हावादारी होइन, अनुभूत यथार्थ हो ।

राजनीतिक परिवर्तनको मूल्यांकन देशले कति संविधान बदल्यो वा कति सरकार आए-गए भन्ने आधारमा हुँदैन, मूल्यांकनको मापदण्ड हुन्छ- जनताको जीवनस्तर कति फेरियो ? रोजगार कति सिर्जना भयो ? आर्थिक गतिविधि कति विस्तार भयो ? दुर्भाग्यवश, यस दृष्टिले हेर्दा नेपालमा भएका सबै राजनीतिक परिवर्तन जनजीवनमा ठोस प्रभाव पार्न असफल ठहरिन्छन् । महँगी घटेको छैन, गरिबी कम भएको छैन, युवाहरू देश छाड्ने क्रम घट्ने नाम छैन । राजनीति सुध्रिएको छैन, भ्रष्टाचारका नयाँ मोडेल मात्र जन्मिएका छन् ।

युवाहरूले यिनै समस्याविरुद्ध उठाएको आवाजलाई कतिपय दलले आफ्नो अस्तित्वविरुद्धको षड्यन्त्र ठाने । जुनसुकै अवस्थामा पनि सत्ता पक्ष र प्रतिपक्षबीच भइरहेको आन्तरिक साँठगाँठ, पद-लोभ र स्वार्थका कारण युवाको विद्रोह उनीहरूलाई असहज लाग्नु स्वाभाविक हो । कतिपय दलले त युवाविरुद्ध खुल्ला रूपमा प्रतिरोधी समूह बनाउने, सडकमा भिडन्तको वातावरण तयार पार्ने र आतंक फैलाउनेजस्ता कदम पनि चाले । यस्तो कार्यले राजनीतिक दलहरू जनताप्रति भन्दा आफ्नो छायापात्रप्रति प्रतिबद्ध रहेको देखाउँछ ।

